कटारीनगरपालिका
Katari Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Katari Municipal Executive
कटारी, उदयपुर
Katari,Udayapur
स्था. २०७१

Phone No:035-450039,035-450296
Email: info@katarimun.gov.np
website: www.katarimun.gov.np

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal
EST. 2071

पत्र संख्या(Ref.No) :-योजना/०७९/०८०
चलानी नं.(Dispatch No.) :–

मितिः २०८०/०२/१४

श्री निजी तथा गैर सरकारी संस्थाहरू सबै,
कटारी नगरपालिका, उदयपुर।

विषयः बजेट तथा कार्यक्रम सम्बन्धमा ।

प्रस्तुत विषयमा आगामी आ.व. २०८०/०८१ भित्र यस नगरपालिकासँगको साझेदारीमा यस नगरपालिकाभित्र सञ्चालन गर्नुपर्ने कार्यक्रमहरूको प्रस्तावना (पृष्ठभूमि, उद्देश्य, औचित्य, अपेक्षित उपलब्धी तथा प्रतिफल, स्थान, मिति, सम्भावित लाभग्राही, सञ्चालन विधि र ढाँचा, प्रचलित कानूनहरू बमोजिमको अनुमानित खर्च लगायत) समेत संलग्न राखी यही २०८० जेठ मसान्त भित्र यस कार्यालयमा माग प्रस्ताव पेश गर्नु हुन अनुरोध गरिन्छ । साथै आर्थिक वर्ष सुरु भए पश्चात प्राप्त हुने यस प्रकारको माग प्रस्तावहरूलाई नगरपालिकाको आगामी आ.व. २०८०/०८१ को बजेट तथा कार्यक्रममा समावेश गर्न नसकिने व्यहोरा समेत यसै सूचना मार्फत अनुरोध गरिन्छ ।

*पुनश्चः माग प्रस्ताव पेश गर्दा जनतालाई प्रत्यक्ष सेवा पुर्याउने, कम लगानीमा उच्च प्रतिफल प्राप्त हुने, विकास कार्यमा योगदान पुर्याउने, सुशासन कायम गर्न योगदान पुर्याउने तथा देहाय बमोजिमका आधारहरूलाई समेट्ने गरी पेश गर्नु पर्नेछ ।*

*१) राष्ट्रिय तथा प्रादेशिक लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता,*

*२) नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, प्राथमिकता,*

*३) अन्तर्राष्ट्रिय प्रतिबद्धता (दिगो विकास लक्ष्य, बाल अधिकार, महिला अधिकार सम्बन्धी महासन्धी आदि)*

*४) अन्तरसम्वन्धित विषयहरू (विपद्, वातावरण, जलवायु अनुकूलन, सुशासन र पारदर्शीता, लैङ्गिक समानता र सामाजिक समावेशीकरण आदि) ।*

..........................
अनिल किराती
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत